# उपाध्यक्ष कोशेलीकार्यक्रम संचालनकार्यविधि, २०७८

गाउँ कार्यपालिकाबाट स्वीकृत मिति :२०७९/०१/०८

प्रमाणीकरण भएको मिति :२०७९/...../...

**सिम्ता गाउँपालिका**
**राकम, सुर्खेत**
**कर्णाली प्रदेश**

# सिम्ता गाउँपालिका
# उपाध्यक्ष कोशेलीकार्यक्रम संचालनकार्यविधि,२०७९

**प्रस्तावना :**

नेपालको संविधानले प्रत्येक नेपाली नागरिकलाई राज्यबाट प्राप्त हुने आधारभूत स्वास्थ्य सेवा निःशुल्क प्राप्त गर्ने तथा स्वास्थ्य सेवामा सबैको समान पहुँच रहने कुरालाई मौलिक हकको रुपमै प्रत्याभूत गरेकोले गुणस्तरीय स्वास्थ्य तथा पोषण प्रवर्द्धन गर्न, संस्थागत सुत्केरी सेवाको संख्या वृद्धि गर्न,गाउँपालिका भित्र सुत्केरी हुने आमाहरुको स्वास्थ्य स्थितिमा सकारात्मक सुधार ल्याउन, आमा र नवशिशुलाई स्वस्थ्य राख्न आमाहरुको उच्च सहभागिताको सुनिश्चितता गर्दै आमा तथा बालबालिकाको शारीरिक, मानसिक र बौद्धिक विकासमा सुधार ल्याउन पोषिलो खाना खान उत्प्रेरित र सशक्तिकरण गर्न साथै आमाहरुको मृत्यु सबै भन्दा धैरै सुत्केरी अवस्थामा हुने भएकाले सुत्केरी अवस्थामा आमाहरुको स्वास्थ्य जाँच गरी जटिलताहरु पहिचान गर्दै सो को व्यवस्थापन गर्न आमा र बच्चाको मृत्यु हुन बाट जोगाउन बान्छनीय भएकोले सिम्ता गाउँपालिकाले उपाध्यक्ष कोशेली कार्यक्रम संचालन सम्बन्धी कार्यविधि, २०७९ बनाएको छ ।

## परिच्छेद १
## प्रारम्भिक, संक्षिप्त नाम, परिभाषा

**१.संक्षिप्त नाम तथा प्रारम्भ**

(क) यस कार्यविधिको नाम **"उपाध्यक्षकोशेली कार्यक्रम संचालन कार्यविधि २०७९'** रहेको छ ।

(ख)यो कार्यविधि गाउँ कार्यपालिकाबाट पारित भए पछि तुरुन्त प्रारम्भ हुनेछ ।

२. **परिभाषा:**विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,

(क)**"अध्यक्ष"** भन्नालेसिम्ता गाउँपालिकाको अध्यक्ष लाई सम्झनुपर्छ ।

(ख)**"उपाध्यक्ष"** भन्नालेसिम्ता गाउँपालिकाको उपाध्यक्ष लाई सम्झनुपर्छ ।

(ग)**"कार्यपालिका"** भन्नाले सिम्ता गाउँपालिकाको गाउँ कार्यपालिकालाई सम्झनु पर्छ ।

(घ)**"गाउँपालिका"** भन्नाले सिम्ता गाउपालिका सम्झनु पर्छ ।

(ङ)**"प्रमुख प्रशासकीय अधिकृत"** भन्नाले सिम्ता गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृतलाई सम्झनुपर्छ ।

(च) **"स्वास्थ्य शाखा"** भन्नाले सिम्ता गाउँपालिकाको स्वास्थ्य सेवा सम्वन्धी कामकाज गर्न गराउनको लागी तोकिएको शाखा सम्झनुपर्छ ।

(छ)**"सरकारी स्वास्थ्य संस्था"** भन्नाले सरकारी स्तरबाट संचालित अस्पताल, प्राथमिक स्वास्थ्य केन्द्र, स्वास्थ्य चौकी,आधारभुत स्वास्थ्य सेवा केन्द्र, शहरी स्वास्थ्य केन्द्र, सामुदायिक स्वास्थ्य इकाई लगायत स्वास्थ्य संस्थालाई सम्झनु पर्दछ ।

(ज)**"सेवाग्राही"** भन्नाले स्वास्थ्य संस्थामा स्वास्थ्य सेवा लिने व्यक्ति सम्झनु पर्छ ।

(झ)**"सेवा प्रदायक"** भन्नाले मान्यता प्राप्त शिक्षण संस्थाबाट स्वास्थ्य सेवाका विषयमा निश्चित योग्यता वा तालीम हासिल गरी स्वास्थ्य संस्थामा कार्यरत चिकित्सक, स्वास्थ्यकर्मी र सामुदायिक स्वास्थ्य कार्यकर्ता सम्झनु पर्छ ।

(ञ)**"वडा अध्यक्ष"** भन्नाले सिम्ता गाउँपालिकाका वडा अध्यक्ष सम्झनुपर्छ ।

## परिच्छेद २

**३.उद्देश्यः**

(क)सुत्केरी अवस्थामा आमा तथा नवजात शिशुको जाँच गरी जटिलताका अवस्थाहरु समयमै पहिचान, व्यवस्थापन तथा प्रेषण गरी मातृ तथा शिशु मृत्यु कम गर्ने।

(ख) मातृ तथा बाल स्वास्थ्यका साथै पोषण सेवा उपलब्ध गर्न र गलत सामाजिक अभ्यासहरु तथा कुरीतिहरुको अन्त्य गर्दै बाधाहरु हटाउने।

(ग) आमा तथा अभिभावकहरुलाई पोषण सेवाको जानकारी गराउन र सेवा लिनको लागि अभिप्रेरित गर्ने ।

(घ) मातृ शिशु स्वास्थ्यमा समुदाय र स्थानीय स्वास्थ्य संस्था बीच सहकार्य बढाउने ।

(ङ) लक्षित समुदायलाई सेवा लिन अभिप्रेरित गर्न स्थानीय सरकारले जिम्मेवारी तथा अपनत्व वहन गरेको अनुभुति दिलाउने ।

(च) गरीब, जोखिममा परेका र सामाजिक रुपमा उपेक्षित बर्गको महिलाहरुलाई स्वास्थ्य सेवामा सहभागी हुने अवसर प्रदान गर्न ।

(छ) प्रजनन स्वास्थ्य एक आधारभूत स्वास्थ्य सेवा भएको र यो सबैको अधिकार भएको कुरा समुदायको लक्षित बर्गसम्म जानकारी गराउन तथा उनीहरुलाइ यसको बारेमा सचेत गराउन ।

(ज) स्वास्थ्य सेवाको उपयोगितामा वृद्धि गर्दै संस्थागत सुत्केरी सेवामा वृद्धि गर्न ।

## परिच्छेद ३

**४. उपाध्यक्ष कोशेली कार्यक्रमभन्नाले :** गाउँपालिका र वडा स्तरमा संचालन हुने सवै महिला र वालवालिका संग सम्वन्धीत कार्यक्रमलाई जनाउछ , जस भित्र निम्न कार्यक्रम पर्दछन् ।

**४.१उपाध्यक्ष कोशेली कार्यक्रम** : गर्भवती र सुत्केरीलाई लक्षित गरी स्वास्थ्य संस्थामा सुत्केरी गराउन अभिप्रेरित गर्ने उद्देश्यका साथ उपाध्यक्ष कोशेली कार्यक्रम लागू गरिने छ । यस कार्यक्रम अन्तर्गत सम्बन्धित वडाका स्वास्थ्य संस्था मार्फत गर्भवती र सुत्केरीले कोशेली पाउने छन् । नियम अनुसार चारपटक गर्भजाँच गरेका, स्वास्थ्य संस्थामै सुत्केरी भएका महिलाहरूलाई गेडागुडी, नुन, फलफुल,हरियो सागपात अन्डा र व्यक्तिगत सरसफाईका सामग्रीहरु कोशेलीको रुपमा दिईने छ । ग्रामीण क्षेत्रमा घरमै असुरक्षित रूपमा सुत्केरी हुने, आमा र बच्चाको स्वास्थ्यमा खासै ध्यान नदिने चलन यथावत छ। उनीहरूलाई कोसेली कार्यक्रम मार्फत यसबारेमा सचेत समेत गराइने छ ।

## परिच्छेद ४

**५.उपाध्यक्ष कोसेली कार्यक्रम सञ्चालन प्रकृयाः**

**५.१ पोषण कोसेली पाउने आधारहरु :**

१.प्रोटोकल अनुसार ४ पटक गर्भवती जाँच गराएका,संस्थागत सुत्केरी भएका र प्रोटोकल अनुसार ३ पटक सुत्केरी जाँच गराउने महिलाहरुको हकमा मात्र यो कार्यविधि लागु हुनेछ ।

२.सिम्ता गाउँपालिकाको स्थायी बासिन्दा भई सम्बन्धित वडाको सिफारिश भएको हुनु पर्नेछ ।

३. नेपाली नागरिक भई २१ वर्ष उमेर पुरा भएकी सुत्केरी महिलालाई मात्र दिइनेछ ।

४. सिम्ता गाउँपालिका भन्दा अन्यत्रको नागरिकता भएमा विवाह दर्ता प्रमाण पत्रको प्रतिलिपी पेश गर्नु पर्नेछ ।

५. नेपालको अन्य कुनै जिल्लाबाट बसाई सराई गरी आएका नेपाली नागरिकको हकमा बसाई सराई भएको हुनु पर्नेछ ।

६.कोशेली सेवा एक महिलाले २ पटक सम्म जिवित बच्चाका आधारमा पाउने छन् ।

**५.२ आवश्यक कागजातहरु**

१. महिलाको नेपाली नागरिकताको प्रमाण पत्रको प्रतिलिपी,

२. शिशुको अस्पताल वा स्वास्थ्य संस्थाबाट प्राप्त जन्म दर्ता प्रमाण पत्रको प्रतिलिपी

३. अन्य जिल्लाबाट बसाई सराई गरी आएको भए प्रमाण पत्रको प्रतिलिपी

४.सिम्ता गाउँपालिका भन्दा अन्यत्रको नागरिकता भएमो विवाह दर्ता प्रमाण पत्रको प्रतिलिपी,

५. अस्पताल वा स्वास्थ्य संस्थाले उपलब्ध गराएको गभर्वती तथा नवजात शिशु सेवा कार्डको प्रतिलिपि

**५.३ कोशेली प्रदान गर्ने तरिका :**

सिम्ता गाउँपालिका अन्तर्गत अस्पताल वा प्रसुति केन्द्र रहेको स्वास्थ्य संस्थाहरुमा निवेदन दर्ता भएका प्रत्येक सुत्केरी महिलालाई एक पटक रु८०० बराबरको उपाध्यक्ष कोशेली उपलब्ध गराइनेछ । यसरी उपलब्ध गराईने उपाध्यक्ष कोशेली सिम्ता गाउँपालिकाले स्थानीय प्रसुति केन्द्र रहेको स्वास्थ्य संस्थाहरु वा अस्पतालमा अर्धवार्षिक रुपमा गाउँपालिका उपाध्यक्ष,वडा अध्यक्ष, स्वास्थ्य शाखा वा अन्य प्रतिनिधि मार्फत वितरण गरिनेछ ।

**५.४ पोषण कोसेलीमा प्रदान गरिने सामग्रीहरु :**

सिम्ता गाउँपालिकाको कार्यालयको बजेटको परिधिमा रही प्रति सुत्केरी महिलालेस्थानीय बजारमा उपलब्ध हुने गेडागुडी, नुन, फलफुल, हरियो सागपात अन्डा र व्यक्तिगत सरसफाइका सामग्रीहरु वितरण गरिनेछ ।

## परिच्छेद ५

### ६. विविध

६.१. **बाधा अडकाउ फुकाउन सक्ने**: यस कार्यविधिको कार्यान्वयनको क्रममा कुनै वाधा अड्काउ आएमाकार्यपालिकाले त्यस्तो बाधा अड्काउ फुकाउन सक्नेछ ।

६.२. **कार्यविधिको संशोधन तथा परिमार्जन :** कार्यपालिकाको बैठकले यस कार्यविधिमा आवश्यक संशोधन तथा परिमार्जन गर्न सक्नेछ ।

६.३. **अनुसूचीमा हेरफेर तथा थपघट :** कार्यपालिकाले अनुसूचीमा आवश्यक हेरफेर तथा थपघट गर्न सक्नेछ ।

६.४. **बाझिएमा :** यो कार्यविधिमा उल्लेख भएका प्रावधान र प्रक्रियाहरु स्थानीय सरकार संचालन ऐन, २०७४ र अन्य प्रचलित कानून संग बाझिएमा बाझिएको हदसम्म अमान्य हुनेछ ।

६.५. **कारवाही :** यस कार्यविधि विपरित सिम्ता गाउँपालिका क्षेत्र बाहिरका महिलाको हकमा गर्न ⁄गराउन वा त्यस्तो निर्णय वा आदेश दिन वा सिफारिस तथा सहयोग गर्न पाइने छैन ।

**६.६ विशेष व्यवस्था :** यस कार्य विधिले व्यवस्था गरेको विषय कार्यन्वयन गर्नु वडा र गाउँपालिका सवैको कर्तव्य हुनेछ । यो व्यवस्था प्रतिकुल हुने गरी कार्यक्रम सञ्चालन गर्न पाईने छैन ।

अनुसुची–२

# सिम्ता गाउँपालिका
## गाँउ कार्यपालिकाको कार्यालय
## राकम, सुर्खेत

उपाध्यक्ष कोशेली सेवा लिन पेश गरिने निवेदन

सिम्ता गाउँपालिकागाँउकार्यपालिकाको कार्यालय
राकम, सुर्खेत।

**विषय :–**उपाध्यक्ष कोशेली **उपलब्ध गराई पाउँ ।**

(१) महिलाको नाम :
(२ ) महिलाको नागरिकता प्रमाण पत्र नं. र नागरिकता लिएको जिल्ला :
(३) पति/अभिभावकको नाम र नागरिकता प्रमाण पत्र नं. :
(४) संम्भव भएमा नवशिशुको नाम :
(५) जन्म मिति :
(६) नवशिशु जन्मेको अस्पताल वा स्वा.संस्थाको नाम :
(७) जन्म दर्ता प्रमाण पत्र नम्बर :
(८) महिलाको नागरिकता अन्यत्रको भएमा विवाह दर्ता प्रमाण पत्र नम्बर :
(९) बसाई सराई गरी आएकाको हकमा बसाई सराई दर्ता प्रमाण पत्र नम्बर :
(१०) ठेगाना : जिल्ला : ........... गा.पा./न.पा. ................वडा नं. ......टोल : ....... ..ब्लक नं......
(११) सम्बन्धित क्षेत्रको महिला सामुदायिक स्वास्थ्य स्वंयसेविकाको सिफारिश /सही
(१२) परिचयपत्र खुल्ने प्रमाण पत्र : नागरिकता /जग्गाधनी प्रमाण पूर्जा /मतदाता परिचयपत्रको प्रतिलिपी/ महिला स्वास्थ्य स्वंयसेवकको सिफारिस / अन्य प्रमाण :